निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

प.सं. च.नं./Ref:

मिति: २०७८।९।३०

स्थानीय तहको निर्वाचनको मिति तय गर्न नेपाल सरकारलाई परामर्श दिने सम्वन्धमा

## प्रेस विज्ञप्ति

आज निर्वाचन आयोगका पदाधिकारी र राजनैतिक दल बीच राष्ट्रिय सभा सदस्य निर्वाचन तयारीको अवस्था, मतदाता नामावली संकलनको स्थिति र नेपाल सरकार समक्ष स्थानीय तहको निर्वाचनको मिति तय गर्ने सम्वन्धी परामर्श बैठक सम्पन्न भयो । वैठकमा स्थानीय तहको निर्वाचनको तयारीका लागि आयोगका पदाधिकारीद्वारा सम्माननीय प्रधानमन्त्री श्री शेरबहादुर देउवा, माननीय गृहमन्त्री र माननीय महान्यायाधिवक्तालाई भेटी स्थानीय तहको आगामी निर्वाचन सम्वन्धमा भएका संवैधानिक तथा कानूनी व्यवस्था वारेमा जानकारी गराइएको र मिति २०७९ वैशाख १४ गते बुधबारका दिन एकै चरणमा स्थानीय तहको निर्वाचन गर्ने गरी मिति तोक्न प्रस्ताव गरेको, साथै, यदि कुनै कारणबाट एकै चरणमा निर्वाचन गर्न संभव नभएमा पहिलो चरण मिति २०७९ वैशाख १४ गते बुधबार र दोश्रो चरण २०७९ वैशाख २२ गते विहिबार गर्ने गरी दुई चरणमा निर्वाचन गर्न उपयुक्त हुने भनी प्रस्ताव गरिएको व्यहोरा जानकारी गराइयो । स्थानीय तहको निर्वाचनबाट निर्वाचित पदाधिकारीको ५ वर्षे पदावधि २०७९ साल जेठ ५ गते समाप्त हुने र स्थानीय तहको निर्वाचन सम्पन्न गर्न कम्तिमा ५३ क्रियाकलापहरु सम्पन्न गर्नुपर्ने हुँदा यसका लागि कानूनत: १२० दिन आवश्यक पर्ने भएकोले यही २०७८ माघको पहिलो हप्ता भित्रै निर्वाचनको मिति नतोकिएमा प्राविधिक, व्यवस्थापकीय एवम् व्यवहारिक दृष्टिले निर्वाचन गर्न कठिन हुने हुँदा यस विषयलाई गंभीरतापूर्वक लिन राजनैतिक दल तथा सरोकारवाला सबैको ध्यानार्कषण गराइयो ।

स्थानीय तहको निर्वाचन समयमा सम्पन्न हुन नसकेमा आयोगबाट स्थानीय तहमा संविधान तथा कानूनले जनप्रतिनिधिको रिक्तताको परिकल्पना नगरेको, स्थानीय तहको कार्यभार प्रदेश तथा संघीय सरकारले सञ्चालन र व्यवस्थापन गर्ने संवैधानिक एवम् कानूनी प्रावधान नभएको, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा जननिर्वाचित पदाधिकारी वाहेक अन्य कुनै तवरले स्थानीय सरकार सञ्चालन तथा व्यवस्थापनको वैकल्पिक व्यवस्था नभएको, स्थानीय तहका पदाधिकारीको म्याद थपको कुनै प्रावधान नहुँदा वैकल्पिक पद्धतिबाट स्थानीय सरकार सञ्चालन हुन सक्ने नदेखिएको र स्थानीय तहमा वार्षिक बजेट स्वीकृति, स्थानीय सञ्चित कोष व्यवस्थापन, बजेट खर्चको अख्तियारी दिने, कानून निर्माण प्रक्रिया, योजना तर्जुमा, कार्यान्वयन र अनुगमन कार्य सुचारु हुन नसक्ने देखिएको आदि विषय प्रस्तुत गरिए । त्यस्तै, नगरपालिकाका प्रमुख, गाउँपालिकाका अध्यक्ष र स्थानीय तहका वडा अध्यक्षले गर्ने सबै सिफारिश लगायतका महत्वपूर्ण कार्य ठप्प हुने अवस्था सिर्जना हुँदा सेवा प्रवाह अवरुद्ध हुन गई लोकतन्त्र र संघीय शासन प्रणाली प्रति जनमानसमा नकरात्मक प्रभाव पर्न सक्ने अवस्थाको श्रृजना हुनसक्ने कारणले पनि स्थानीय तहका पदाधिकारीहरुको कार्यकाल समाप्त हुन अगावै स्थानीय तहको निर्वाचन गर्नुपर्ने आवश्यकता माथि जोड दिइयो ।

२०७८।०९।३०

कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं. (९७७-१) ४२२८६६३ । फ्याक्स: (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-Mail: info@election.gov.np, Website: www.election.gov.np
"फोटो सहितको मतदाता नामावलीमा नाम दर्ता गरौं ।"

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

प.सं. च.नं./Ref:

आयोगका माननीय प्रमुख निर्वाचन आयुक्त श्री दिनेशकुमार थपलियाद्वारा अध्यक्षता गरिएको उक्त बैठकमा माननीय निर्वाचन आयुक्तहरु श्री इश्वरीप्रसाद पौड्याल, श्री रामप्रसाद भण्डारी, डा.जानकीकुमारी तुलाधर, श्री सगुन सम्सेर ज.ब.रा, आयोगका सचिव श्री गोकर्णमणी दुवाडी र नेपाल कम्प्युनिष्ट पार्टी (एमाले), नेपाली काँग्रेस, नेपाल कम्प्युनिष्ट पार्टी (माओवादी केन्द्र), नेपाल कम्प्युनिष्ट पार्टी (एकीकृत समाजवादी), नेपाल संघीय समाजवादी पार्टी, नेपाल मजदुर किसान पार्टी, नेपाल कम्प्युनिष्ट पार्टी ( माले), जनता समाजवादी पार्टी, नेपाली जनता दल, नेपाल परिवार दल, लोकतान्त्रिक समाजवादी पार्टी नेपाल, जनता समाजवादी पार्टी, विवेकशील साझा पार्टी, राष्ट्रिय जनमुक्ति पार्टी, राष्ट्रिय जनमोर्चा र संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चका राजनीतिक दलका प्रतिनिधिहरुको उपस्थिति रहेको उक्त बैठकमा २०७८ साल माघ १२ गते सम्पन्न हुने राष्ट्रिय सभाको निर्वाचन तयारीका विविध विषयहरु, कोभिड १९ को वढ्दो संक्रमणलाई मध्यनजर गरी राष्ट्रिय सभा निर्वाचनमा पालना गर्ने स्वास्थ्य सुरक्षा मापदण्ड, आयोगबाट मतदाता नामावली संकलन गर्ने विशेष कार्यक्रमका विषयमा समेत छलफल गरिएको थियो ।

परामर्श बैठकमा आयोगबाट भएको प्रस्तुतीकरण माथि राजनैतिक दलको तर्फबाट उठाइएको जिज्ञासाहरुमा आयोगका माननीय आयुक्तज्यूहरुबाट सम्वोधन गरियो । उक्त बैठकमा राजनीतिक दलहरुले स्थानीय तहको निर्वाचन समयमा नै गर्नुपर्ने तर्फ जोड दिदै स्थानीय तहको निर्वाचनका सम्वन्धमा आयोग पूर्ण तयारी अवस्थामा रहनु पर्ने, सरकारसँग समयमा नै निर्वाचन गर्न सर्म्पकमा रही सरकारलाई मिति तोक्न सिफारिश गर्नुपर्ने, निर्वाचनमा आचारसंहिताको पूर्णपालना गर्ने संयन्त्र बनाई अनुगमन गर्ने र आचारसंहिता उलंघनमा कारवाही गर्ने, निर्वाचनमा हुने खर्चलाई मितव्ययी बनाउन उपयुक्त विधि, प्रक्रिया र प्रविधिको अवलम्वन गर्नुपर्ने लगायतका विविध सुझावहरु प्राप्त भएका छन् ।

परामर्श बैठकको अध्यक्षता गर्नु भएका आयोगका माननीय प्रमुख आयुक्त श्री दिनेश कुमार थपलियाले एक र अन्तिम विकल्प स्थानीय तहका पदाधिकाहरुको कार्यकाल समाप्त हुनु अगावै अर्थात २०७९ वैशाख भित्र स्थानीय तहका नयाँ पदाधिकारीहरुको निर्वाचन गर्नु नै भएकोले छिटै निर्वाचन नतोकिएमा निर्वाचन व्यवस्थापन कार्य जटिल हुने हुँदा राजनीतिक दलहरुको सुझाव र पृष्ठपोषणका आधारमा आयागले सरकारलाई स्थानीय तह निर्वाचनको मिति तोक्न परामर्श उपलब्ध गराउने विषय स्पष्ट पार्नु भयो ।

२०७८/०९/३०

**(शालिग्राम शर्मा पौडेल)**
सहसचिव एवं प्रवक्ता

कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं. (९७७-१) ४२२८६६३ । फ्याक्स: (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-Mail: info@election.gov.np, Website: www.election.gov.np
"फोटो सहितको मतदाता नामावलीमा नाम दर्ता गरौ ।"